'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १३३ बुधबार २४ पुष, २०८१ 08 (Wednesday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

छात्रवृत्ति कोटाका चिकित्सक पठाएर भएपनि

## गेटामा तीनसय शैयाको अस्पताल सञ्चालन गरिने

नमस्ते समचारदाता
कैलाली, पुष/२३



कैलालीको गेटामा तीन सय शैयाको अस्पताल सञ्चालन गर्न छात्रवृतिका चिकित्सक पठाइने स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदिप पौडेलले बताएका छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ६ अर्ब ६२ करोडमा निर्माण गरेको भौतिक संरचनाहरुमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हाल ५० शैयाको अस्पताल सञ्चालन गरेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले छात्रवृत्तिका १० जना चिकित्सकहरू र २० जना नर्सिङ्ग कर्मचारीहरू सहित प्राविधिकहरूलाई गेटा पठाएर भए पनि तीन सय शैयाको अस्पताल सञ्चालन गर्ने दाबी गरिएको हो । मंगलबार बिहान स्थलगत अनुगमनका क्रममा गेटा पुगेका स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले गेटाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) तयारी थालिएको बताए । तर, नेपाल सरकारको ६२ करोड बढी रकम कर्मचारीका लागि मात्र खर्च हुने देखिएको मन्त्री पौडेलले बताए । सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम)को काम हुँदै गर्ने र नेपाल सरकारबाट छात्रवृत्तिमा अध्ययन गरेका १० जना चिकित्सक तथा २० जना नर्सिङ्ग कर्मचारी सहित प्राविधिकहरूलाई चाँडै गेटा पठाउने मन्त्री पौडेले बताएका छन् । मन्त्री पौडेलले भने, 'शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय विश्व विद्यालयको प्रक्रियामा छ। विश्व विद्यालयको काम रोकिने होइन । गेटामा तीन सय शैयाको अस्पताल सञ्चालन गरौं । एमबिबिएसको अध्यापन सुरु गरौं । आयोगले पनि यसैमा काम गरोस् ।' कैलालीको गेटामा आकस्मिक सेवा सहितको २४ घण्टा स्वास्थ्य उपचार सेवा दिन मन्त्रीले निर्देशन दिएका छन् । सुदूरपश्चिम प्रादेशिक अस्पताल, सेतीले बिरामीको चाप धान्न नसकेका कारण गेटालाई बलियो बनाउनुपर्ने मन्त्रीको तर्क छ । मन्त्री पौडेलले भने, 'मेरो पार्टी सभापति (शेरबहादुर देउवा)ले पनि निर्देशन दिनु भएको छ । गेटामा तीन सय शैयाको अस्पताल सञ्चालन गर्न र मेरो प्रदेशमा एमबिबीएसको अध्यापन सुरु गर्नु भन्नु भएको छ । हामीले पनि ओएनएम (सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण) को काम गर्दैछौं । तीन सय शैयाको खर्च मात्र ६२ करोड बढी आउने देखिएको छ । नेपाल सरकारले आगामी आर्थिक वर्षमा बजेट विनियोजन गर्छ । तर, हाल हामी छात्रवृत्तिका चिकित्सकबाट तीन सय शैयाको अस्पताल सुरु गर्छौं । प्रयोगशालाका उपकरण पनि आएका रहेछन् । तपाईंहरू जति जना हुनुहुन्छ, राम्रो काम गर्नु होला । निजी अस्पतालमा भन्दा पनि यतै बढी महत्व दिनुहोला ।' गेटामा आकस्मिक सहितको ओपिडी, प्रयोगशाला, एक्सरे, बहिरङ्ग सेवाहरू सञ्चालनमा रहेका छन् । तर, मन्त्री पौडेलले रातिको समयमा चिकित्सक तथा स्वास्थ्य कर्मचारीहरू गेटामा बस्ने नगरेको गुनासो आएको बताउँदै त्यसको व्यवस्थापन गर्न निर्देशन सदएका छन् ।

## च्याउखेतीमा किसान आकर्षित

नमस्ते समचारदाता
बाँके, पुष/२३



बाँकेको खजुरा गाउँपालिका वडा नम्बर २ सीतापुरले व्यावसायिक खेतीतर्फ किसानलाई आकर्षित गर्ने उद्देश्यले वडामै च्याउखेती गरी बिक्री वितरण सुरु गरेको छ । वडा अध्यक्ष धनीराम वली क्षेत्रीले घरमै बसेर च्याउ लगायतका कृषि उत्पादनबाट राम्रो आम्दानी गर्न सकिन्छ भनेर वडावासी किसानलाई सन्देश प्रवाह गर्ने उद्देश्यले च्याउखेती सुरु गरिएको बताउछन् । पहिलो पटक किसानबाट उत्पादित च्याउ बिक्री सुरु गरिएको वडाध्यक्ष वलीले बताए । प्रति किलो १२० रुपियाँको दरले च्याउ बिक्री भइरहेको उनको भनाइ छ। पाँच सयभन्दा बढी पोका भएकाले करिब २५ क्विन्टल च्याउ उत्पादन हुने अनुमान गरिएको छ। वडाध्यक्ष वलीले भने, 'वडाले उत्पादन गरेको च्याउ भएकाले बजार मूल्यभन्दा सस्तोमा बिक्री गरिएको छ । च्याउ खेतीको निगरानी लगायतका प्राविधिक व्यवस्थापन कृषि शाखाले गरेको छ। बजेट व्यवस्थापन वडा कार्यालयबाट भएको छ।' टनेलमा च्याउखेती भएकाले सामान्य रेखदेखको काम वडाका जनप्रतिनिधि र कर्मचारीको टोलीले गरेको हो । वडाले गरेको च्याउ खेती मार्फत आम वडावासीमा सकारात्मक सन्देश गई उत्पादनसँग आम वडावासीलाई जोड्न सहज हुन्छ भनेर वडाले च्याउखेती गरेको वडाध्यक्ष वलीले सुनाए।

## पौने चार करोडमा मोटरेबल पुल बन्दै

नमस्ते समचारदाता
कैलाली, पुष/२३



कैलालीको धनगढी उपमहानगर पालिकास्थित सेतोपुल नाला (सुकटी नाला) मा तीन करोड ७९ लाख ९९ हजार रुपियाँ लगानीमा मोटरेबल पुल बन्दै छ। वडा नम्बर १ र ८ जोड्ने स्थानमा धनगढी उपमहानगरपालिकाले पुल निर्माण गरिरहेको हो । एक स्पानमा बनिरहेको पुल ठेकेदारले आगामी वैशाख सम्म पूरा गरेर हस्तान्तरण गर्ने हिसाबले काम गरिरहेको धनगढी उपमहानगरपालिकाका डिभिजनल इन्जिनीयर दिजराज भट्टले बताउनुभयो । उहाँले पुलको ७० प्रतिशत काम पूरा भइसकेको जनाउँदै थप्नुभयो, "बाँकी रहेको काम चाँडै पूरा हुन्छ ।" सो पुल निर्माणको काम धनगढीकै शाजेन्द्रेश्वर निर्माण सेवा प्रालिले गरिरहेको छ । पुल निर्माणका लागि २०८० कात्तिक १५ मा ठेक्का सम्झौता भएको थियो। आगामी कात्तिक १४ गतेसम्म पुल निर्माणको समयावधि छ। निर्माण कम्पनीले चाँडै नै पुलमा हिँडाउने आश्वासन दिएको वडा नम्बर ८ का वडा अध्यक्ष जुगराम चौधरीले बताउनुभयो । उहाँले पुल निर्माणले वडा नम्बर ८ र १ का स्थानीयलाई ओहोरदोहोर गर्न सहज हुने उल्लेख गर्नुभयो।

## जन्म र मृत्यु संस्कारको चामल वितरण कार्यक्रम प्रभावकारी

नमस्ते समचारदाता
जुम्ला, पुष/२३



जुम्लामा जन्म र मृत्यु संस्कारको बेला गरिने ३० किलो चामल वितरण कार्यक्रम प्रभावकारी बन्दै गएको छ । साविकको कर्णाली अञ्चलका पाँच जिल्लाका स्थानीयवासीलाई सरकारले २०७३ साल भदौ २३ गते चामल अनुदानको व्यवस्था गर्ने निर्णय गरेको थियो । सुरुआती वर्षमा २० किलो चामल वितरणको व्यवस्था थियो। आर्थिक वर्ष २०८१/८२ बाट सरकारले चामलको परिमाण बढाएर ३० किलो पुर्याइएको छ । जुम्ला सदरमुकाम खलङ्गा स्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालयका प्रमुख सन्तोष तिवारीले भने, 'कर्णाली क्षेत्रमा मातृ मृत्युदर कम गर्न ३० किलो चामल दिने गरिएको छ । यससँगै भाडा पनि दिने प्रबन्ध गरिएको छ ।' विशेष गरी दुर्गम गाउँपालिकाका नागरिकलाई चामल लिन आउँदा यात्रा खर्च धेरै हुने भएकोले सरकारले ढुवानीखर्च समेत उपलब्ध गराएको उनको भनाइ छ । खाद्य संस्थानले चामल लिन आउने नागरिकका लागि यात्रा खर्चसमेत प्रदान गर्ने व्यवस्था गरेको छ । चन्दननाथ नगरपालिका बाहेक अन्य पालिकाबाट आउने नागरिकलाई फरक-फरक भाडासमेत उपलब्ध गरिएको छ । जिल्लाको कनकासुन्दरी, सिञ्जा, हिमा र तिला गाउँपालिकाबाट आउने नागरिकलाई प्रतिव्यक्ति रु एक हजार भाडा दिने गरिएको छ, भने गुठीचौर, पातारासी र तातोपानी गाउँपालिकाबाट आउने नागरिकलाई भने रु ५०० भाडा दिने व्यवस्था गरिएको कार्यालय प्रमुख तिवारीले जानकारी दिए। पछिल्लो दुई आर्थिक वर्षको तथ्याङ्कले कर्णालीका नागरिक यो योजनामा सक्रिय रूपमा सहभागी भएको देखाउँछ । आर्थिक वर्ष २०८०/८१ मा, जन्मका बेला एक सय ४७ क्वीन्टल र मृत्युका बेला १३ क्वीन्टल २० किलो चामल वितरण गरिएको थियो । यस अवधिमा ३ लाख ८८ हजार ५०० रूपैयाँ भाडाका लागि खर्च गरिएको छ। विसं २०७३ मा थालिएको यो योजनाले हालसम्म प्रभावकारीता देखिएको छ । त्यस्तै आर्थिक वर्ष २०८१/८२ को मंसीर सम्मको तथ्याङ्कले योजनाको प्रभावकारितामा निरन्तर वृद्धि भएको देखाइरहेको खाद्य संस्थानका सूचना अधिकृत लक्ष्मण शर्माले बताए । यस आवमा जन्म र मृत्युका लागि ८१ दशमलव ९ प्रतिशत क्वीन्टल चामल निःशुल्क वितरण गरिएको छ, भने रु १ लाख ४८ हजार ५०० भाडाका रूपमा प्रदान गरिएको यहाँस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालयले जनाएको छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## नैतिकताको कसीमा पूर्वराष्ट्रपती

दलहरू व्यक्ति केन्द्रित हुनु भनेको लोकतन्त्रकै लागि हानिकारक हो। व्यक्तिको अयोग्यताको भारी प्रणालीले बोक्नुपर्ने र निर्दोष प्रणाली प्रति प्रश्न उठ्ने कुरा लोकतन्त्रका लागि समस्या हो। अहिले चर्चा पूर्वराष्ट्रपति विद्या भण्डारीको घुमघाम र मन्दिर दर्शनमा पनि छ। मन्दिर चहार्नु पनि एक हिसाबले राजाको फोटोकपी हो भन्न हिचकिचाउनु पर्दैन। राजाहरूले गरेको प्रणाली र राष्ट्रपतिले गर्ने प्रणाली फरक हो। मार्क्सवादी विचारधारा बोकेकी विद्यादेवी भण्डारी भएर शक्तिपीठहरूको भ्रमण गर्नु भनेको त विचारधाराको परित्याग हो। त्यो होइन भने भ्रमण नक्कली हो। जनतालाई भ्रम छरेको हो। एमालेमा संस्थापन (ओली पक्ष) बाट पेलाइ खाएका व्यक्तिहरू ठुलो संख्यामा होलान्। तिनीहरूले पूर्वराष्ट्रपतिलाई राजनीतिमा आउन प्रेरित गरिरहेको कुरा अनुमान होइन कि केपी ओलीले नै बोलिरहेका छन्। पार्टी अध्यक्षले नै भण्डारीको राजनीतिक इच्छा अनुचित हो भनिरहेका छन्। राष्ट्रपति भनेको त देशको सम्पत्ति हो नि। कतिपयले अरू देशहरूमा पूर्वराष्ट्रपति राजनीतिमा फर्किएको भनेर तर्क गर्छन्। देशको संवैधानिक हिसाबमा राष्ट्रपति पद राजनीतिक छ भने फर्किने सम्भावना छ। राजनीतिक होइन भने त्यो सम्भावना छैन। संविधान अनुसार पूर्वराष्ट्रपतिको पृष्ठभूमि के हो, हेर्नुपर्छ। कतिपय देशमा राष्ट्रपति दलले बनाउँछ। हाम्रो देशमा दलले बनाउने होइन। हाम्रो राष्ट्रपति राष्ट्रिय एकताको प्रतीक हो। विद्यादेवी भण्डारी सक्रिय राजनीतिमा आउन लागेकी हुने भने उनी गुटको राष्ट्रपति बनेकी रहिछन् भन्ने बुझिन्छ। पदको अवमूल्यन गरेको ठहरिन्छ। प्रणालीलाई असफल पार्न उनको भूमिका देखिन्छ। पूर्वराष्ट्रपतिको व्यवहार यस्तो खालको हुने हो भने त्यो दुखदायी नै हो। हुन त नेपालको कम्युनिस्ट एकीकरणमा भूराजनीतिक प्रभाव पनि उत्तिकै छ। यसअघि दलहरू जुट्नु र फुट्नुमा घरेलु राजनीतिको प्रभाव भन्दा बाह्य राजनीतिको उक्साहट बढी छ भन्ने सहजै अनुमान लगाउन सकिन्छ। कतै पूर्वराष्ट्रपतिज्यूलाई त्यसमै तान्न खोजिएको त होइन ? भन्ने प्रश्न पनि उठ्नु अस्वभाविक होइन।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट



डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# विद्यालयमा अनुशासन चुनौती

प्रेमनारायण भुसाल




ज्ञानको मन्दिर भनेर चिनिने विद्यालय वास्तवमा सिक्ने र सिकाउने ठाउँ हो। कलिला बालबालिकाले पढेर, देखेर र गरेर आफ्नो संज्ञानलाई विस्तार गर्छन्। व्यावहारिक, नैतिक र जीवनोपयोगी सिपहरू पनि सिकिरहेका हुन्छन्। यस अर्थमा विद्यालयको सिकाइ पढाइमा मात्र सीमित हुनु हुँदैन। जीवन उपयोगी सिप, साक्षरता सिप र सिकाइ सिपको त्रिकोणात्मक आयामबाट बालबालिकाको सर्वाङ्गीण विकास गर्ने उद्देश्य हरेक विद्यालयले राख्नु पर्छ। जीवनोपयोगी सिप अन्तर्गत अनुशासन, आचरण, मर्यादा र संस्कृतिप्रतिको अवधारणासमेत पर्दछ। नैतिक र सांस्कृतिक बन्धन कमजोर बन्दै गएको वर्तमान नेपाली समाजमा अराजकताका झिल्काझिल्की विद्यालय तहका विद्यार्थीमा समेत देखिन थालेका छन्। विद्यार्थीको कौतूहल, सांस्कृतिक, सामाजिक विविधता तथा आर्थिक र राजनीतिक विचलनका घटनाले अनुशासनलाई अपरिभाषित तत्व बनाउँदै लगेका छन्। अनुशासन सामाजिक मूल्यमान्यता, संस्कार, आचरण र चिन्तनभन्दा विच्छिन्न नहुने भएकाले अबको जोड सामाजिक मूल्यले सुसंस्कृत, अनुशासित र असल आचरण भएका कर्तव्यशील, कर्मनिष्ठ नागरिक उत्पादन गर्ने दिशामा हुनु पर्छ। उद्देश्य असल हुँदाहुँदै पनि विगतकै अवधारणा र सोच राखेर विद्यालयमा अनुशासन कायम गर्न खोजियो भने वर्तमान समयका समस्यालाई सम्बोधन गर्न नसक्ने अवस्था आउँछ। यसमा मूलतः सामाजिक संरचनाले काम गरेको देखिन्छ। नेपालको सामाजिक संरचना विविधतायुक्त रहेको छ। समाजमा जात, धर्म, पेसा, संस्कार, संस्कृति र भाषागत विविधता लगभग सबैतिर देखिन्छ तर यी सबैको संयोजनको कडीका रूपमा सहिष्णुता र सामाजिक एकता रहेको छ। पछिल्लो समय आर्थिक सबलतालाई सम्पूर्ण कुराको आधार मान्ने प्रवृत्ति र विकास हुँदै गएको व्यक्तिवादी प्रवृत्तिले गर्दा सामाजिक संरचना नै परिवर्तन भएको छ। यस अवस्थामा कुन कुन कुरालाई मर्यादा र आचरण मान्ने भन्ने कुराको निर्क्योल गर्न समाजका विविधता र तिनले समग्र समाजमा पार्ने वा पार्न सक्ने प्रभावको मूल्याङ्कन गर्नु आवश्यक हुन्छ। यसैले सार्वभौम अनुशासनको रटान होइन, समाजसापेक्ष सान्दर्भिक र समसामयिक नियम र आचरणको संहिताका रूपमा अनुशासनलाई व्यवस्थित गर्न आवश्यक छ। हाल सूचना प्रविधिको तीव्र विकासले गर्दा विद्यालय तहका बालबालिकाको पहुँच विश्वका असल सिकाइ र समसामयिक घटना मात्र नभएर वयस्क वा प्रौढका लागि मात्र निर्माण गरिएका र राष्ट्रिय र सामाजिक सन्दर्भमा अस्वीकार्य ठानिएका असामाजिक र अनैतिक विषयवस्तुमाथि समेत पुगेको देखिन्छ। घरपरिवारमा सिकेका कुरा र विभिन्न माध्यमबाट आदर्श मानिएका साइटमा भेटिएका सन्दर्भले बालबालिकामा मानसिक द्वन्द्वको सिर्जना गर्छ। अभिभावकले भनेका कुरा सत्य हुन् वा आफूले इन्टरनेटमा भेटेका कुरा सत्य हुन् भन्ने कुरामै निर्णय गर्न नसकेको अवस्थामा वा विद्यालयमा बनाइएका नियम ठिक हुन् वा अन्य देशका अभ्यास र त्यहाँका बालबालिकाले गरेका काम ठिक हुन् भन्ने कुराको दोधारमा रहेका बालबालिका किंकर्तव्यविमूढको अवस्थामा पुगेका हुन्छन्। यस्तो समयमा सूचनाको पहुँचमाथि नियन्त्रण गर्नेभन्दा विश्व सन्दर्भ र हाम्रो समाजको यथार्थ बालबालिकाले बुझ्ने गरी स्पष्ट पार्नु र घरमा अभिभावक एवं विद्यालयमा शिक्षकका आचरणका माध्यमबाट ती कुरा झल्किनु अपरिहार्य हुन्छ। अन्यथा बालबालिका सधैं स्थापित अनुशासनका मान्यताको द्वन्द्वमा परिरहने सम्भावना बढ्छ। पछिल्लो समय सञ्चारको मात्र होइन, यातायातको विकास र आर्थिक उन्नतिलाई मात्र महत्व दिने सामाजिक चिन्तनका कारण लागुपदार्थमा समेत बालबालिकाको सहज पहुँच पुगेको देखिन्छ। साथीसङ्गीको प्रभाव मात्र नभएर किशोर अवस्थाका बालबालिकाले अभिभावक र शिक्षकको भन्दा आफ्नै उमेरका वा आफूभन्दा केही ठुला दाइदिदीको बढी विश्वास गर्छन्। मर्यादित आचरण नसिकेका जेठा विद्यार्थीले भाइबहिनीलाई प्रयोग गर्ने सम्भावना अत्यधिक रहने गरेको छ। काठमाडौंकै एक विद्यालयमा विद्यालय दिवसका दिन पूर्वविद्यार्थीले भेप बिक्रीवितरण गरेको घटना केही समयअगाडि सार्वजनिक भएको थियो। अनलाइनका माध्यमबाट सहजै प्राप्त गर्न सकिने भेपलगायतका पदार्थ र यस्तै सङ्गतबाटै प्राप्त गर्न सकिने अन्य लागुपदार्थको लतका कारण बालबालिकाको संज्ञान, मनोवृत्ति र व्यवहार बिग्रँदै गएको देखिन्छ। फलतः विद्यालयका लागि यसप्रकारका क्रियाकलापमा संलग्न बालबालिकालाई कसरी अनुशासनमा राख्ने भन्ने चिन्ताले गाँज्दै गएको देखिन्छ। वर्तमान परिप्रेक्ष्यमा अनुशासन कायम गर्नका लागि नैतिक, सामाजिक र सांस्कृतिक मूल्य मात्र पर्याप्त हुने अवस्था देखिँदैन। यसका लागि उचित कानुनी प्रबन्धसमेत आवश्यक छ। नेपालको संविधान मात्र नभएर यसमातहत बनेका अन्य कानुन विश्वस्तरमा विकास भएका अत्याधुनिक मानव अधिकारका मूल्यमान्यतालाई बढीभन्दा बढी ग्रहण गरी निकै उदार र आधुनिक बनेका छन्। विदेशी अभ्यास र मूल्यलाई ग्रहण गर्ने क्रममा ती कानुन कुन समाजमा लागु गरिन्छन् र त्यहाँको सामाजिक संरचना, मूल्यमान्यता र अवस्था कस्तो रहेको छ भन्ने कुरालाई अध्ययन गरिएको देखिँदैन। यसैले राम्रा कानुन पनि व्यवहारमा लागु गर्न कठिन अवस्था सिर्जना भएको छ भने पुराना र विदेशी अभ्यासलाई जोड्न खोज्दा कानुन नै गज्याङगुजुङको अवस्थामा रहेका पनि छन्। बालमैत्री वातावरण, मानव अधिकार र शिक्षामा पहुँचका सन्दर्भमा कानुनमा गरिएका व्यवस्थाले समाज अधिकारवादी मात्र बन्दै गएकाले प्रौढ व्यक्ति मात्र होइन, बालबालिकासमेत कर्तव्यबाट च्युत हुँदै गएका छन्। विद्यालय पनि समाजकै अङ्ग भएकाले यी कुराको प्रत्यक्ष प्रभाव हरेक विद्यालयमा परेको देखिन्छ। कानुनतः हाम्रा विद्यार्थीलाई विद्यालयबाट निष्कासन गर्न नपाइने प्रबन्ध रहेको छ, बालमैत्री कानुनमा यस्तो व्यवस्था हुनु पनि पर्छ तर यसै हतियारलाई प्रयोग गरी दुर्व्यसनमा लागेका वा अन्य विद्यार्थीलाई समेत गलत बाटोमा लैजान सक्ने विद्यार्थीले दायित्व वहन गर्न नपर्ने अवस्था सिर्जना हुँदा नसिहत वा सुधारका लागि अवसरसमेत नपाउने अवस्था सिर्जना हुनु हुँदैन। बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु मौजुदा सबै कानुनको उद्देश्य हो तर यसो भन्नुको अर्थ के होइन भने एक/दुई जनाका कारण पूरै विद्यालयको वातावरण बिग्रन्छ भने ती व्यक्तिलाई नियन्त्रण गर्नु हुँदैन। यहाँनेर स्पष्ट हुनुपर्ने कुरा के छ भने एक/दुई जनाका कारणले ठुलै समाज बिग्रन्छ भने उनीहरूलाई दण्डित गर्न कानुन बाधक बन्नु हुँदैन र बनेको पनि देखिँदैन। बाल अधिकारको गलत व्याख्या गरेर परीक्षामा अमर्यादित काम गर्ने, विद्यालयमा हातपात गर्ने, निषेधित वस्तु विद्यालयमा ल्याउने विद्यार्थीलाई कामको प्रकृतिका आधारमा सुधारात्मक दण्ड गर्नु नै पर्ने अवस्था रहन्छ तर कुनै पनि अवस्थामा शारीरिक दण्डले भने मान्यता पाउनु हुँदैन। इच्छाशक्ति हुने हो भने विद्यालयले मानव अधिकार र विद्यमान कानुनका मूल मान्यताको प्रतिकूल नहुने गरी अनुशासन र आचरणगत नियम बनाउन सक्छन् र विद्यालयमा अराजक अवस्था सिर्जना गर्न खोज्ने जोकोहीलाई पनि दण्डित गर्न सक्छन्। यस्तो दण्ड विद्यार्थीका सन्दर्भमा उसको पढ्न पाउने अधिकार सम्पूर्ण रूपमा रोक्ने गरी वा विकल्प नै नरहने गरी गर्न पाइँदैन र मिल्दैन पनि तर अवस्थाको विश्लेषण गरी अनुशासनहीन कार्यमा संलग्न बालबालिका मात्र होइन, विद्यालयरूपी समाजमा रहेका अन्य बालबालिकाको सर्वोत्तम हितको विषयमा समेत सोचेर निर्णय गर्नु आवश्यक हुन्छ। जुनसुकै सन्दर्भमा सजाय वा दण्ड गर्ने प्रसङ्गमा बालबालिकाको उमेर, मनोसामाजिक पक्ष, प्रतिवादको मौका, न्यायिक मन र सुधारको अवसरलाई ध्यान दिनु आवश्यक हुन्छ। आफूले पाएको दण्ड वा देखेको घटनालाई स्वयम्को व्यक्तित्व निर्माणमा सहयोगी बन्दै सिकाइको आधार बन्नाउन सक्नु आज हरेक विद्यालयको चुनौती पनि हो। विद्यालय तहको शिक्षा स्थानीय तहमा गएसँगै स्थानीय तहमा रहेका न्यायिक समितिमा विद्यार्थीमाथि विद्यालयले गरेका अनुशासनका कारबाहीसम्बन्धी उजुरीसमेत पर्न थालेको देखिन्छ। यस सन्दर्भमा केही पालिकाले विद्यालयको यथार्थ नबुझी गरेका निर्णयले विद्यालयको समग्र व्यवस्थामा प्रतिकूल प्रभाव पारेका घटना पनि देखिन थालेका छन्। यसैले न्यायिक समितिले निर्णय गर्ने क्रममा मौजुदा कानुनको समग्र अध्ययन गरी कुनै पनि निर्णयका कारण विद्यार्थीको अधिकारमाथि पुग्ने बाधा र विद्यालयको समग्र प्रणालीमाथि पर्ने असरको सम्यक् विश्लेषण गर्नु आवश्यक हुन्छ। यसको तात्पर्य न्यायिक किसिमले अभिभावक, विद्यालय र विद्यार्थीसमेतको सहभागितामा विद्यालयका अनुशासन र आचरणगत नियम स्थापित गर्नु पर्छ र उल्लङ्घन गर्ने जोकोही पनि दण्डित हुन्छ भन्ने मनोविज्ञानको विकास गर्न सक्नु पर्छ। अन्यथा यसले पार्ने प्रतिकूल प्रभावका कारण विद्यालय सिकाइ केन्द्र नबनेर अराजकता र दुर्व्यसनका अखडा बन्ने डर बढ्छ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

# ८६ प्रतिशत शिक्षक 'पढ पढ..' विधिमै केन्द्रित

■ नमस्ते समचारदाता

बैतडी, पुष/२३



सरकारले सामुदायिक विद्यालयमा स्मार्टबोर्ड, आइसिटी कक्षा, विज्ञान प्रयोगशाला, पुस्तकालय, आधुनिक शैक्षिक सामग्री उपलब्ध गराए पनि दशरथचन्द नगरपालिकाका ८६ प्रतिशत शिक्षक यी वस्तुको उपयोग गर्नु त परको कुरा सामान्य पाठ योजना समेत नबनाइ किताबका भरमा विद्यार्थीलाई 'पढ पढ...' मात्रै भन्ने गरेको पाइएको छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विज्ञले एसइई परीक्षामा सहभागी हुँदै आएका विद्यालयको एक महिना लामो अध्ययन, निरीक्षण र परीक्षणका क्रममा दशरथचन्द नगरपालिकाका सामुदायिक विद्यालयमा पढाउने ८६ प्रतिशत शिक्षक अल्छी भेटिएका हुन् । शैक्षिक गुणस्तर परीक्षणमा खटिनुभएका निलकण्ठ रेग्मीले एइई दिने एउटा समुदायिक विद्यालयमा राज्यले वार्षिक दुई करोड रुपियाँ भन्दा बढी लगानी गरे पनि शिक्षक अल्छी भएकै कारण लगानी खेर गइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "लगानीको वास्ता गरिएको पाइएन । ८६.३९ प्रतिशत शिक्षक बिना कुनै पाठयोजना कक्षामा छिरेर विद्यार्थीलाई 'पढ पढ...' मात्रै भन्ने गरेको देखियो । त्यस्ता शिक्षकले विद्यार्थीलाई प्रोत्साहन पनि दिने गरेका छैनन् । एउटा कुनामा विद्यार्थी उभिएको छ, शिक्षक अर्को कुनामा गएर अर्कै विषयमा कुरा गरिरहेको छ । दशरथचन्दका ५४ प्रतिशत शिक्षकले त विद्यार्थीलाई प्रोत्साहनका लागि धन्यवादसम्म दिने गरेका छैनन् ।" दशरथचन्द नगरपालिकामा एसइई परीक्षाको नतिजा निरन्तर ओरालो लाग्ने धेरै कारण मध्ये समयानुकुल शिक्षण विधि नभएको गुस्तर परीक्षण केन्द्रका विज्ञले बताएका छन् । दशरथचन्दको शैक्षिक गुणस्तर परीक्षणमै खटिनु भएका अर्का विज्ञ कृष्ण प्रसाद सुवेदीले एसइई परीक्षामा सहभागी हुने दशरथचन्दका ४.५४ प्रतिशत विद्यालयले मात्रै आइसिटीको प्रयोग गर्दै आइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "आजको दुनियाँमा ९५ प्रतिशत आइसिटी कक्षा हुनु त कता हो कता दैनिक पाठयोजना बनाएर पढाउने शिक्षकको संख्या जम्मा १३ प्रतिशत मात्रै छ । एसइईको नतिजा कसरी राम्रो आउँछ ? लाखौंका कम्युटर, स्मार्टबोर्ड थन्क्याएर राखेको छ । फर्निचर हुँदाहुँदै विद्यार्थीलाई चौरमा बसालेर घुँडामा कापी राख्न लगाएर परीक्षामा सहभागी गराइएको छ ।" दशरथचन्दका विद्यालयको शैक्षिक गुणस्तर लगानी अनुसार निकै कमजोर देखिएको अर्का विज्ञ यामनारायण घिमिरेले बताउनुभयो । उहाँले भन्नुभयो, "राज्यले प्रविधिमैत्री कक्षा कोठाका लागि लाखौं रुपियाँ लगानी गरेको छ । त्यसको उपयोग भएको छैन । दशरथचन्दका विद्यालयमा सूचना प्रविधि थन्क्याएर चक डस्टरको भरमा अध्यापन गराउने शिक्षक ६८.१८ प्रतिशत रहेका छन् ।" उहाँले दशरथचन्द नगरपालिकाका माध्यमिक विद्यालयको विभिन्न कोणबाट एक महिनासम्म स्थलगत अध्ययन गरेकाले त्यसको प्रतिवेदन यही पुस २५ गते नगरपालिकालाई बुझाउने तयारी गरेको बताउनुभयो । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गत मङ्सिर २६ गतेबाट एसइई परीक्षामा सहभागी हुँदै आएका बैतडीका १२९ वटा माध्यमिक विद्यालयको शैक्षिक गुणस्त परीक्षण सुरु गरेको थियो । गुणस्तर परीक्षणका लागि २१ जना विज्ञ खटिएका छन् । टोलीको विज्ञमा शिक्षा क्षेत्रमा लामो समय काम गरि सेवा निवृत्त हुनु भएको सहसचिव, उपसचिव, तत्कालीन जिल्ला शिक्षा अधिकारी र विभिन्न क्याम्पसका प्राध्यापक छन् । विज्ञ टोलीले विद्यालयको भौतिक संरचना, लगानी र शैक्षिक उपलब्धिका बारेमा शिक्षक, विद्यार्थी, अभिभाव र जनप्रतिनिधिसँग भेट गरेर अङ्कभार दिएका छन् । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले २०७३ सालदेखि देशभरिका माध्यमिक विद्यालयको गुणस्तर परीक्षण गर्दै बैतडी अन्तिम जिल्लाका रूपमा परीक्षणको काम सम्पन्न गर्दै छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले हालसम्म देशभरिका करिब छ हजार चार सय माध्यमिक विद्यालयको शैक्षिक गुणस्तर परीक्षण गरिसकेको छ । देशभरिका अधिकांश विद्यालयले ४० देखि ७० प्रतिशत अङ्क भन्दामाथि ल्याउन सकेनन् । राम्रो विद्यालय औलामा गन्न सकिने अवस्था देखिएको छ । प्रारम्भिक जानकारी अनुसार बैतडीको दशरथचन्द नगरपालिका विद्यालयको शैक्षिक अवस्था निकै कमजोर देखिएको विज्ञले बताएका छन् ।

# कालापत्थर बन्दै चंखेली हिमाल



■ नमस्ते समचारदाता

मुगु, पुष/२३

हिमालको देश नेपालका थुप्रै हिमालमा हिउँको कमी देखिन थालेको छ । जलवायु परिवर्तन र बढ्दो तापक्रमका कारण हिमाल हिउँविहीन बन्दै गइरहेका छन् । मुगुका बाहैं मास हिउँ जमेर मोती झैं टल्किने चंखेली, नधारी, हिमालसमेत हिउँको मात्रा नभएपछि कालापत्थरझैं देखिन थालेको स्थानीयले बताएका छन् । पहिले वर्षभरि हिउँले ढाकिने यी क्षेत्र अहिले उजाड देखिन्छन् । यसले पर्यावरणीय सन्तुलन बिग्रिने मात्र नभई, पर्यटक आकर्षणमा पनि असर पुऱ्याउने संम्भावना रहेको छ । मुगुमा सामान्यतय यस बर्ष दुई पटक हल्का बर्षा र उच्च भेगमा सामान्य हिमपात भएको थियो । 'बेसी तिर पर्याप्त मात्रामा हिमपात भएमात्र हिमालमा हिउँ जम्ने हुन्छ । बेसीतिर हिउँ नै आएको छैन', उमेरले नेटो काटेका छायाँनाथ राराका पिना गाउँका ७० बर्षिय हरिच्द्र शाहीले भने, 'उहिलेको जमनामा हिउँ धेरै आउने गर्दथ्यो बालीनाली पनि राम्रो हुन्थ्यो तर अहिले के भयो खै हिउँ नै आउँदैन उत्पादन पनि कम हुन्छ।' जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न तत्काल सरोकार वाला निकायले कदम चाल्नुपर्ने विज्ञहरूको सुझाव छ। सरकार र सरोकारवालाबीच समाधानका लागि व्यापक छलफल भइरहेको र जलवायु परिवर्तनले बढी असर पारेका हिमाली जिल्लामा जलवायु उत्थानशील कार्यक्रम अघि बढाईने नेपाल सरकारका बन तथा वातावरण मन्त्री ऐन बहादुर शाहीले बताए । जलवायु परिवर्तनले नेपाली जनताले नखाएको बिष लागेकाले बिकसित मुलुकले नेपाललाई आबश्यक सहयोगमा जोड दिनुपर्ने बताए ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यात्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
सोरु गाउँपालिका
मुगु

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# दाङमा कुष्ठरोगका बिरामी बढ्दै

■ नमस्ते समचारदाता

दाङ, पुष/२३



दाङ जिल्लामा कुष्ठरोग प्रभावितहरुको संख्या बढ्न थालेको छ। नेपाल सरकारले सन् २०१० मै नेपाललाई कुष्ठरोग उन्मूलनका रुपमा घोषणा गरेको हो । घोषणा गरेको करिब १४ वर्षपछि नेपालका १६ जिल्लामा संख्या बढ्दोक्रममा रहेको छ । मधेश र लुम्बिनी प्रदेशका जिल्लाहरुका प्रभावितहरुको संख्या बढ्दो क्रममा छ। स्वास्थ्य कार्यालय दाङका प्रमुख किशोर आचार्यका अनुसार यसै वर्ष ७ जना नयाँ कुष्ठ रोगका बिरामी भेटिएका छन् भने उपचारमा २३ जना बिरामी रहेको बताउनुभयो। दश पालिकामध्ये घोराहीमा ८ जना,तुलसीपुरमा ४, लमहीमा ३, गढवामा दुई, राप्ती गाउँपालिकामा तीन, शान्तिनगरमा एक जना, राजपुर गाँउपालिकामा एक जना उपचार रत रहेका छन् । जिल्लाका दश वटा स्थानीय तह मध्य ६ वटा पालिकामा कुष्ठ रोगका नयाँ बिरामी फेला परेका छैनन् । घोराही, तुलसीपुर उपमहानगर पालिका, लमही नगरपालिका, गढवा गाउँपालिकामा कुष्ठ रोगका नयाँ बिरामी फेला परेका छन् । बाँकी बंगलाचुली गाउँपालिका, शान्तिनगर गाउँपालिका, बबई गाउँपालिका, दंगिशरण गाउँपालिका, राप्ती गाउँपालिका, राजपुर गाउँपालिकामा कुष्ठ रोगका नयाँ बिरामी फेला परेका छैनन् । तीन वर्षको तथ्याङ्कको आधारमा संक्रमितको संख्या बढ्दो देखिएको हो । आर्थिक वर्ष २०७८-०७९ मा २१ जना, आर्थिक वर्ष २०७९/०८० मा ३६ जना, आर्थिक वर्ष २०८०-०८१ मा २६ जना बिरामी थिए । चालु आर्थिक वर्ष २०८१-०८२ को मङ्सिर महिनासम्म २३ जना बिरामी उपचारमा रहेको जानकारी गराइएको छ । विश्व स्वास्थ्य सङ्गठनले दश हजारमा एक प्रतिशत भन्दा मुनि रहेको अवस्थामा कुनै पनि रोगको उन्मूलन घोषणा योग्य मान्दै आएको छ । नेपालमा सन् २०१० मा कृष्ठरोग प्रभावितको संख्या ०.७३ प्रतिशत थियो ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

# समपुरक लगानीका योजना कार्यान्वयनमा कर्णाली सरकार उदासीन

नमस्ते समचारदाता

सुर्खेत, पुष/२३




केन्द्र सरकारबाट स्वीकृत भएर आएका समपूरक अनुदानका महत्वपूर्ण आयोजना कार्यान्वयनमा कर्णाली सरकारले उदासीनता देखाइरहेको छ । महत्वपूर्ण आयोजना भनेर प्रदेश मन्त्रिपरिषद्बाट निर्णय गरी केन्द्रमा पठाइएकोमा केन्द्र सरकारले स्वीकृत गरी अनुदान दिँदा पनि कर्णाली सरकारले कार्यान्वयनमा ध्यान दिन सकेको छैन । गत आर्थिक वर्ष (०८०/०८१) मा प्रदेश सरकार आफैँले निर्णय गरेर केन्द्रबाट अनुदान माग गरेका मध्ये डोल्पाको शे-फोक्सुण्डो गाउँपालिका-८ मा रहेको रिङ्बो बस्ती विकास कार्यक्रम र हुम्लाको खार्पु-सिमिकोट (मानसरोवर प्रवेशद्वार) नमुना एकीकृत पूर्वाधार विकास कार्यक्रम अझै कार्यान्वयनमा जान सकेका छैनन् । केन्द्र र प्रदेश सरकारले ल्याएका निकै चर्चित र महत्वाकांक्षी कार्यक्रम हुन् यी । प्रदेश सरकार आफैँले माग गरेका आयोजना कार्यान्वयन नगरेपछि गत वर्ष दुई योजनाको २३ करोड रकम फ्रिज गएको थियो । तीन वर्षभित्र कार्यान्वयन गरिसक्नुपर्ने लक्ष्य राखिएका ती कार्यक्रमको एक वर्ष प्रक्रिया मै खेर गएको छ । प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका सूचना अधिकारी प्रविण कार्कीले ती आयोजना अझै कार्यान्वयनमा जान नसकेको बताएका छन् । कार्किले भने, 'ती आयोजनाको डीपीआर र इआईएको काम नभएकाले रोकिएका थिए, 'अहिले त्यो काम सम्पन्न भएको छ । माघ-फागुनसम्म ठेक्का लाग्छ होला ।' रिङ्बो बस्ती विकास कार्यक्रम रु ४० करोड र खार्पु-सिमिकोट (मानसरोवर प्रवेशद्वार) नमुना एकीकृत पूर्वाधार विकास कार्यक्रम रु ९८ करोडको योजना हो । यो वर्ष दुई आयोजनामा रु २८ करोड रकम केन्द्र सरकारले विनियोजन गरेको छ । प्रदेश सरकारले पनि सोही अनुसारको रकम विनियोजन गरेर आयोजना कार्यान्वयन गर्नुपर्ने हो । प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेटमा यी दुवै कार्यक्रमलाई प्रमुखताका साथ राखेको छ । बजेटको १०७ नम्बर बुँदामा दुई कार्यक्रमका लागि प्रदेशबाट रु ४६ करोड रकम विनियोजन गरेको उल्लेख छ । पूर्वभौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री मंगलबहादुर शाहीका अनुसार यी दुवै योजना कार्यान्वयनका लागि अघिल्लो वर्ष नै प्रक्रिया अघि बढेको थियो । उनले भने, 'दुवै कार्यक्रम कार्यान्वयनका लागि म मन्त्री भएकै बेला डीपीआर र ईआईएको प्रक्रिया अघि बढेको थियो । त्यो बेला खार्पु-सिमिकोट नमुना एकीकृत पूर्वाधार विकास कार्यक्रमको स्रोत सहमति गर्न सकिएको थिएन ।' ०८१ वैशाखमा डीपीआर र इआईएको प्रक्रिया पूरा गरी जिल्लामा रहेका कार्यालयले स्रोत सहमति माग्दा प्रदेश सरकारले नदिएको कुरा सुन्नमा आएको शाही बताउँछन् । साथै रिङ्बो बस्तीको कार्यक्रममा त्यत्तिबेलै डीपीआर र ईआईएको प्रक्रियामै रहेकाले स्रोत सहमति दिन नसकिएको उनको भनाइ छ । आफू बाहिरिएपछि प्रक्रियाको काम सकिएको र गत साउन महिनामा जिल्ला कार्यालयबाट स्रोत सहमतिका लागि मन्त्रालयमा पेस गरिए पनि अहिलेसम्म स्रोत सहमति नदिएको उनको भनाइ छ । ०८१ जेठमा भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको जिम्मेवारी एमालेका शेरबहादुर बुढाले सम्हालेका छन् । बुढाले ती योजना कार्यान्वयनमा ध्यान नदिएको स्रोतको दाबी छ । यी आयोजना प्रदेश र केन्द्र सरकारको सह-लगानीमा कार्यान्वयन गरिन्छन् । दुवै सरकारले ५०/५० प्रतिशत बजेट बेहोर्ने गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ । प्रदेश सरकारले प्रदेशको महत्वपूर्ण योजना भनेर सुरुमा मन्त्रिपरिषद्बाट निर्णय गरी केन्द्रमा पठाउँछ भने आवश्यक बजेट माग गर्छ । सोही अनुसार केन्द्रले स्वीकृत गरेर बजेटको व्यवस्थापन गर्छ । पूर्वभौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री मंगलबहादुर शाहीले भने, 'आफ्नो मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्नु प्रदेश सरकारको कर्तव्य हुन्छ, तर दुई आर्थिक योजनाहरू अहिले सम्म कार्यान्वयनमा जान सकेनन्, 'यो सरकारको उदासीनता हो । यदि राजनीतिक समीकरण नबदलिएको भए त्यही बेला कार्यान्वयनमा लैजाने मेरो योजना थियो ।' कर्णालीका मुख्यमन्त्री र मन्त्रीहरू केन्द्रले कर्णालीलाई दिनुपर्ने बजेट नै दिएन भनेर भनिरहेका हुन्छन् । त्यही अनुदानको बजेटका कार्यक्रम नै कार्यान्वयन नगर्ने हो भने यिनै योजना कार्यान्वयन गर्न नसकेपछि आउँदो वर्ष कुन आधारमा समपूरक योजना माग्ने भन्दै शाही प्रश्न गर्छन् । कार्यान्वयन नै हुन नसक्ने कर्णालीमा बजेट किन दिने भन्ने अवस्था आउन दिन नहुने उनको तर्क छ । छरिएर रहेको र जोखिमयुक्त बस्तीलाई एकीकृत गरी विकास गर्ने योजना हो हुम्लाको खार्पु-सिमिकोट नमुना एकीकृत पूर्वाधार विकास कार्यक्रम । पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राखेर यो कार्यक्रम अघि बढाइएको हो । उक्त स्थान मानसरोवर र कैलाश प्रवेशद्वार हो । यस्तै रिङ्बो बस्ती प्राचिन सभ्यता भएको बस्ती भएकाले त्यसको संरक्षणका लागि कार्यक्रम अगाडि बढाइएको हो । शे-फोक्सुण्डो ताल किनारका रहेको उक्त प्राचिन बस्तीलाई बौद्ध कला र संस्कृतिको अनुपम बस्तीको रूपमा रूपान्तरण गर्ने उद्देश्य हो । यो बस्तीलाई प्राकृतिक तथा धार्मिक पर्यटनको केन्द्रका रूपमा विकास गरिने बजेटमा वक्तव्यमा उल्लेख छ ।

# बर्दिया अस्पतालमा १४ जना बिरामीको मेजर शल्यक्रिया

नमस्ते समचारदाता

बर्दिया, पुष/२३




बर्दिया जिल्ला अस्पतालमा एकैदिन १४ जना बिरामीको मेजर शल्यक्रिया सफलतापूर्वक गरिएको छ । पाठेघरसम्बन्धी समस्या भएका बिरामीको विशेषज्ञ चिकित्सकसहितको १६ जनाको टोलीले बिहान ९ बजेदेखि बेलुका ७ बजेसम्म करिव १० घण्टा लगाएर १४ जना बिरामीको सफलतापूर्वक शल्यक्रिया गरेको अस्पतालका प्रमुख डा.सुभाष पाण्डेले जानकारी गराएका छन् । उनले पाठेघर खसेका र पाठेघरमा मासु पलाएका १४ जना पीडित बिरामीहरुको विशेषज्ञ चिकित्सकको टोलिले सफलतापूर्वक शल्यक्रिया गरेको बताए । सीमित स्रोत साधनका बाबजुद एकैदिन १४ जनाको मेजर शल्यक्रिया गरिएको यो अस्पतालमा पहिलो रेकर्ड भएको पनि प्रमुख पाण्डेले बताए । गुलरिया नगरपालिकाका नौ जना र बारबर्दिया, ठाकुरबाबा तथा राजापुर नगरपालिका एवम् बढैयाताल गाउँपालिकाका एक/एक जना र कैलाली लम्कीचुहाकी एक बिरामीले निःशुल्क शल्यक्रिया सेवा लिएको अस्पतालले जनाएको छ । अस्पतालका अनुसार १३ जनाको पूर्णरुपमा निःशुल्क र एक जनाको न्यूनतम शुल्क लिएर शल्यक्रिया गरिएको हो । शल्यक्रिया सेवा लिएका बिरामीहरुको स्वास्थ्य अवस्था सामान्य रहेको जानकारी दिनुहुँदै अस्पताल प्रमुख डा. पाण्डेले दुई तीन दिनमा डिस्चार्ज गर्ने तयारी गरिएको बताए । उनले अस्पतालसँग पर्याप्त जनशक्ति नहुँदा कोहलपुरबाट थप विशेषज्ञ चिकित्सक झिकाएर सेवा प्रदान गरिएको पनि सुनाए । १४ जनाको मेजर शल्यक्रियामा कोहलपुरबाट वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा.कविता पाण्डे, स्त्रीरोग विशेषज्ञ डा.होमनाथ अधिकारी र बर्दिया अस्पतालका वरिष्ठ एनेस्थेसियोलोजिस्ट डा. दिपेन्द्र महासेठ लगायतका चिकित्सक, नर्सिङ तथा स्वास्थ्यकर्मी टोलि खटिएको थियो । आफ्नै गाउँठाउँमा निःशुल्क शल्यक्रिया सेवा पाएपछि बिरामीहरु खुसी भएका थिए । गुलरिया नगरपालिका-९ की पेपली गोडियाले अस्पतालले निःशुल्क रुपमा शल्यक्रिया सेवा दिएको भन्दै खुसी व्यक्त गरिन । उनले अस्पतालमा उपलब्ध औषधी पनि निःशुल्क पाएको सुनाइन । पाठेघरसम्बन्धी समस्याको निजि अस्पतालमा गएर शल्यक्रिया गराउँदा बिरामीले कम्तीमा ५० हजार रुपियाँ तिर्नुपर्ने अवस्थामा आफ्नै ठाउँको अस्पतालमा यस्तो जटिल समस्याको निःशुल्क रुपमा उपचार पाउँदा खुशी लागेको शल्यक्रिया गराउनु भएका अधिकांशको प्रतिक्रिया थियो ।

# भूकम्प प्रभावित विपन्नलाई अनुदान

नमस्ते समचारदाता

सल्यान, पुष/२३



नेपाल रेडक्रस सोसाइटीले सल्यानको दार्मा गाउँपालिकाका भूकम्पपीडितका लागि जीविकोपार्जन कार्यक्रम सञ्चालन गरेको छ । भूकम्प प्रभावित विपन्नका लागि जीविकोपार्जनमा सहयोग पुर्याउने उद्देश्यले ससर्त अनुदान कार्यक्रम सञ्चालन गरिएको हो । जीविकोपार्जन कार्यक्रम अन्तर्गत गाउँपालिकाका ६ वटा वडाका १९३ घरपरिवारलाई प्रतिव्यक्ति ५० हजार रुपियाँका दरले नगद अनुदान प्रदान गरिएको रेडक्रस सोसाइटी सल्यानका कार्यक्रम संयोजक जगत तामाङले जानकारी दिनुभयो । उहाँका अनुसार अनुदान कार्यक्रम अन्तर्गत लाभग्राहीले कुल ९६ लाख ५० हजार रुपियाँ प्राप्त गर्ने छन् । पहिलो किस्तामा प्रतिव्यक्ति २५ हजार वितरण भइसकेको छ भने दोस्रो किस्ताका लागि अनुगमन प्रक्रिया जारी रहेको उहाँले बताउनुभयो । अनुदान प्राप्त गर्ने लाभग्राहीले विभिन्न व्यवसाय सञ्चालन गरिरहेका छन् । बाख्रापालनमा १२८ जना, भैंसीपालनमा ३७, सिलाइकटाइमा आठ, किराना पसलमा सात, आरन उद्योगमा चार, कुखुरापालनमा चार, कुटानी पिसानीमा दुई, खाजानास्ता होटलमा एक, तरकारी खेतीमा एक र तरकारी तथा फलफूल पसलमा एक जना संलग्न भएका छन् । भूकम्पपीडित दार्मा गाउँपालिका-५ का वीरेन्द्रप्रकाश खड्काले जीविकोपार्जन कार्यक्रमले राहत भएको बताउनुभयो । उहाँका अनुसार पीडित परिवारले आयआर्जनको काम पनि सुरु गरिसकेका छन् । सोही वडाका पदमी कामीले किराना पसल सुरु गरेको र त्यसबाट आफूलाई आयआर्जनका लागि सहयोग पुगेको जानकारी दिनुभयो । भूकम्प प्रभावितलाई प्रदान गरेको रकमबाट बाख्रापालन गर्ने किसानले रकमबाट तीन वटासम्म बाख्रा किन्ने तथा गोठ र खोर आफैँले बनाउने छन् भने भैँसीपालन गर्ने किसानले केही रकम आफूले थपेर लैनो भैँसी किन्नुपर्ने छ । कार्यक्रम संयोजक तामाङले भूकम्प प्रभावितले पेसा व्यवसायमा सहयोग होस् र जीविकोपार्जनमा टेवा पुगोस् भन्ने उद्देश्यले ससर्त अनुदान रकम प्रदान गरिएको बताउनुभयो । रेडक्रसको यो पहलले विपन्न किसानलाई आत्मनिर्भर बन्न र आफ्नो जीविकोपार्जन सुधार गर्न मद्दत पुगेको दार्मा गाउँपालिकाका अध्यक्ष नीमबहादुर केसीले बताउनुभयो । उहाँका अनुसार अनुगमन गरेर भूकम्प प्रभावित मध्ये पनि अति विपन्न परिवार छनोट गरेर यो कार्यक्रममा जोडेको जनाउनुभयो । भूकम्पले धेरैको घरबास गुमेकाले क्षतिपूर्तिस्वरूप यो कार्यक्रम सञ्चालनले उनीहरूको आय आर्जन र पेसा व्यवसायमा ठुलो सहयोग पुगेको अध्यक्ष केसीले बताउनुभयो । भूकम्पबाट दार्मा गाउँपालिकामा चार हजार ८० जना सर्वसाधारणको घरमा क्षति पुगेको थियो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रेसम बहादुर वलीले भूकम्पबाट ३६ विद्यालय, नौ स्वास्थ्य संस्था, दुई वडा कार्यालय, १२ खानेपानी, सिँचाइ र सडक गरी ५९ वटा सार्वजनिक संरचनामा आंशिक क्षति पुगेको बताउनुभयो ।

# तिब्बतमा भूकम्पबाट ज्यान गुमाउनेको संख्या ९५ पुग्यो

नमस्ते समचारदाता

काठमाडौं, पुष/२३



मंगलबार बिहानै काठमाडौँ उपत्यका लगायत नेपालका विभिन्न क्षेत्रमा महसुस गरिएको भूकम्प तिब्बतलाई केन्द्रबिन्दु बनाएर गएको एजेन्सीले जनाएका छन् । सो भुकम्पबाट तिब्बतमा ज्यान गुमाउनेको संख्या ९५ पुगेको छ । चिनियाँ सञ्चारमाध्यमहरुका अनुसार नेपाल र चीनको सीमानामा केन्द्रविन्दु भएको ७ रिक्टर स्केलको भूकम्पमा ९५ जनाको ज्यान गुमेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले जनाएका छन् । एक हजारभन्दा धेरै घरमा क्षति पुगेको छ भन् १२० जनाभन्दा धेरै घाइते छन् । नेपालको राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रले ७ म्याग्निच्युडको धक्का मापन गरिएको जानकारी गराएको थियो । तिब्बतको दिंगी आसपास केन्द्रविन्दु भएर बिहान ६ बजेर ५० मिनेटमा भूकम्प गएको थियो । नेपालका सोलुखुम्बु, संखुवासभा, ताप्लेजुङ लगायतका स्थानमा भूकम्पको ठूलो धक्का महसुस भएको थियो । काठमाडौँ उपत्यकामा पनि मानिसहरु घरबाहिर निस्केका थिए ।

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत, हुम्ला, मुगु, कालिकोट, जुम्ला, डोल्पा, बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके